# स्व–सहयोगी समूहहरु

**‘स्व–सहयोग समूहरु भनेका....**

**मानिसहरुको जीविकोपार्जन रणनीतिहरुमा सहयोग पुग्ने गरी सामाजिक सम्वन्धलाई सुदृढ गर्न सिर्जना गरिएका समूह हुन् ।**

**“...मानिसहरुलाई सहमतिमा काम गर्न, एउटै आवाज वोल्न र बढी शक्तिशाली समूहसंग गरिने सम्झौता र निर्णय प्रक्रियामा उनीहरुका भनाईहरुलाई सुन्ने अवस्था सिर्जना गर्नु हो”**

“स्व–सहयोगी समूहहरुले पश्चिम बंगालमा सफलता पूर्वक माछापालन गरेका छन् । तिनीहरुसंग धेरै नै वचत भएकाले उनीहरुसंग वढी ऋण लिएर काम गर्ने क्षमता पनि छ । अजित बनजी, बैंक शाखा प्रवन्धक, लुधुकर्जा, पुरुलिया, पश्चिम बंगाल भारत )"

“मेरो गाउँ बजारबाट ३० कि.मी.टाढा छ । पहिले हामीले सहयोग माग्ने ठाउँ थिएन । तर स्व–सहयोगी समूह गठन गरेपछि आफूलाई आवश्यक परेको सहयोग माग्ने र लिने क्षमता र आत्म विश्वास मानिसहरुमा विकास भयो । ( कुदुस अन्सारी जानकार: स्व–सहयोगी समूह नेता, काइपरा, पश्चिम वंगाल, भारत


**“...स्थानीय गतिविधि वा क्रियाकलापहरुको प्रभावकारीतालाई बढाउने एउटा तरीका हो”**

**“...लघु कर्जा र अन्य श्रोतहरु तथा सेवा उपरको पहुँचलाई सहज बनाउने तरीका हो”**

**स्व–सहयोगी समूहहरु भनेको मानिसहरुको सामाजिक सम्पति बृद्धि गर्ने एक वास्तविक उपाय हो । अन्य कार्यहरुमा**



सेवा प्रदान गर्ने र प्राप्त गर्नेहरु बीचको *सम्पर्क र संजाल* को विकास गरी संगसंगै काम गर्ने वातावरण तयार गर्ने, व्यक्तिहरु बीचको सम्वन्धलाई सुदृढ गराई साझा आकांक्षा परिपूर्ति गर्ने र उनीहरुलाई संभव भएसम्म शशक्त संस्थाहरु जस्तै राजनितिक पार्टी को सदस्य बनाउने ।



मानिसहरुलाई वढी व्यवस्थित समूहको सदस्यता ग्रहण गर्न सहयोग गर्ने । व्यवस्थिति समूहमा सवै निश्चित नियमहरुमा सहमत हुने तथा तिनीहरुलाई पालन गर्ने र नियम पालन नगर्नेलाई के गर्ने भन्ने कुरामा पनि सहमत हुन्छन् ।



विश्वासिलो सम्वन्धको निर्माण, ( दिने र लिने ) सूचनाहरु आदान प्रदान, संगैसंगै कार्य गर्ने, कुनै काम गर्दा हातेमालो गरी कार्य प्रयत्नलाई घटाउनु पनि हो । यसले गर्दा मानिसहरु बीचमा अनौपचारिक सुरक्षा जालो ( एक आपसमा सहयोग ) निर्माण गर्न आधार प्रदान गर्दछ । यसले मानिसहरु बीच र समूहहरु बीचमा सहयोग आदान प्रदान गर्न र अन्तत: स्व–सहयोग समूहहरुको संघ निर्माण गर्न मद्दत पुग्दछ ।

स्व–सहयोगी समूहहरुको संघले गर्दा सेवा प्रदायकहरु, जस्तै कृषि प्रसार र सरकारी सेवा गैर सरकारी, ग्रामिण वैकिङ्ग, उत्पादन सामाग्रीहरु र वजारसंग सम्वन्ध विस्तार गर्न सजिलो हुन्छ ।

स्व–सहयोगी समूहहरु, मत्स्य अनुसन्धान कर्ता र ग्रामिण कर्जा कार्यक्रमले संगसंगै काम गर्दा पश्चिम बंगालको जवराह गाउँमा खाद्य सुरक्षामा सुधार भयो साथै ऋणीपनलाई घटाउने काम गऱ्यो । प्राकृतिक श्रोत प्रणाली कार्यक्रम, वार्षिक प्रतिवेदन २००३–०४)

ललिता महतो एउटा वंगाली बूढी आइमाई हुन् । पहिले हामी गाउँका पुरुषाहरुसंग वोल्न पनि डराउथ्यो, त्यसमा पनि बाहिरको मानिससंग वोल्ने त कल्पना नै गर्दैन्थ्यौं । तर आज हामी वैंकमा जान सक्छौं र त्यहाँ ऋण माग गर्न सक्छौं । त्यसै गरी गाउँ पंचायतका पदाधिकारीसंग आफ्ना गुनासोहरु व्यक्त गर्ने र चूनौतीहरुलाई दृढतापूर्वक सामना गर्न सक्छौं । अहिले हामीलाई आदर गर्ने र हाम्रा कुरा सुन्ने गरेको देखेर हामी खुशी भएका छौं ।



## स्व–सहयोगी समूह कसरी तयार गर्ने ?



### शुरुवात यसरी,

### १. समूह पहिले देखि नै छ की बुझौं

यदि समूह पहिले देखि नै छ भने तपाईले समूका सदस्यहरुलाई भेट्न सक्नु हुन्छ । यदि तपाईले बनाउन खोजे जस्तै समूह छ भने फेरी समूह बनाइ रहनु नै परेन । यदि समूह छैन भने तपाईले त्यहाँ के बुझ्नु हुन्छ त्यसैबाट सिक्न सक्नु हुन्छ ।

### २. अरुसंग काम गर्नुस् र सहयोग लिनुस्

एउटा समूहको रुपमा शुरुवात गर्नुहोस् र प्रत्येक सदस्यले जिम्मेवारी वहन गर्नुहोस् । जसले पहिले समूह वनाइसकेको छ । त्योसंग सम्पर्क गरौं । यदि नयाँ मानिसहरु समूहमा प्रवेश गरेका छन् भने उनीहरुलाई केही योगदान गर्न आवश्यक छ भन्ने बुझाऔं । तपाईहरुको आवश्यकतालाई बुझेको र सहयोगी भावना भएका विशेषज्ञहरुको सहयोग लिन सकिन्छ । आयोजनाहरु, गैहसरकारी संस्था, वैंकहरु र प्रसारकर्ताहरुले बैठक बस्ने ठाउँ उपलव्ध गराएर र आवश्यकीय श्रोतहरु प्राप्ती स्थान वारे जानकारी दिएर सहयोग पुऱ्याउन सक्छन् ।

### ३. सानोबाट शुरुवात

समस्याहरुमध्ये सानो समस्यावाट कामको शुरुवात गरौं । काम गर्दै जाँदा गल्तीहरु पनि हुनसक्छन् र त्यसवाट पनि सिक्न सकिन्छ । सानो समूहमा आपसमा विवाद हुने र थोरै व्यक्तिको हाली मुहाली हुने संभावना कम हुने भएकोले समूह सकेसम्म सानो वनाउनु पर्छ । समान विचार, आकांक्षा र परिवेश भएका मानिसहरु एक आपसमा विश्वास गर्ने र सामूहिक कार्यमा सजिलैसंग सहभागी हुन सक्दछन् ।

### ४. समूहको नाम छनोट

समूहको नामले मानिसहरुमा आफूलाई टोलीको सदस्य ठान्ने र सामूहिक उद्देश्य पूर्तिमा अग्रसर हुन प्रेरित गर्छ । यसले गर्दा मानिसहरुलाई संगसंगै रहेर काम गर्न मद्दत गर्दछ ।

### ५. समूह विधानमा सहमति

समूहको विधानमा समूहको उद्देश्यहरु, नियमहरु, समूह सदस्यहरुले पुरा गर्नु पर्ने दायित्व, र समूहले सदस्यहरुलाई पुऱ्याउने सहयोगका बारेमा उल्लेख गरिएको हुन्छ । यसले आपसी द्वन्द्वलाई हटाउने र हरेक सदस्यहरुको जिम्मेवारी किटान गर्न मद्दत गर्दछ ।



### ६. समूह बैठक गर्ने ठाउ र समयमा सहमति

पुरुषहरु र महिलाहरुलाई संगसंगै वा छुट्टा छुट्टै समूह बैठकमा भाग लिन प्रेरित गर्नु पर्छ । बैठक गर्ने ठाउँ छनोट गर्दा महिलाहरु र पुरुषहरु सबैलाई पायक पर्ने ठाउँ छनोट गर्नु पर्छ । साथै उनीहरुलाई नेतृत्व सीप विकास गर्न प्रोत्साहित गर्नु पर्छ । सानो समूह वनाईयो भने त्यसको बैठक समूहको कुनै सदस्यको घरमा पनि गर्न सकिन्छ । त्यसै गरी समूह बैठक गर्ने निश्चित दिन ( महिनाको पहिलो मंगलवार) र समय निर्धारण गर्नु पर्छ ।







# केही सुझाव ...



## प्रोत्साहित गरौं

- समूह वैठकमा नियमित उपस्थित हुन,
- समूह सदस्यहरुले सम्झन सक्ने गरी समूहका गतिविधीहरुलाई पारदर्शी बनाउनु पर्छ । समूहले लिएका निर्णयहरुलाई राम्रोसंग लेखेर राख्नु पर्छ । त्यसले गर्दा समूहको अनुगमन र मूल्याङ्कन गर्न सजिलो हुन्छ ।

समूह बैठक माइन्यूटको नमूना

| मिति | छलफलका विषयहरु | छलफल | निर्णय |
|---|---|---|---|
| ४/६/२००४ | १. गोष्ठी<br>२. दाना किन्ने<br>३. ढिलो आएवातको सदस्यहरुले तिर्ने शुल्क | भयो<br>भयो<br>भयो | १. तीन जना सदस्यहरु जाने<br>२. दुई जनाले ३ वोरा किन्ने<br>३. निर्णय भएन |
| ११/६ | गोष्ठीको प्रतिवेदन<br>कुखुरा चल्लाहरु बिक्रिको प्रतिवेदन | भयो<br>भयो | गोष्ठीमा भाग लिनेले गोष्ठी वारेमा वताए<br>सबै सदस्यहरुले प्रचार प्रसार गर्ने |

- थोरै थोरै वचतवाट धेरै रकम जम्मा गर्न सकिन्छ । यो समूह हितकोषबाट समूह सदस्यहरुले ऋण लिन सक्छन् । समूहको वचत परिचालन गर्दै जाँदा समूह सदस्यहरुमा व्याज निर्धारण गर्ने, ऋण लगानी गर्ने, र ऋण असूली गर्ने सीपको विकास हुन्छ । यो वचतले वैंकवाट बढी ऋण लिन सहयोग पनि गर्दछ ।
- नजिकको बाणिज्य वैंक, वा कृषि विकास वैंक, ग्रामीण वैंक वा सहकारी वैंकमा समूहको वचत खाता खोल्नाले वैंक र स्व-सहयोगी समूह वीच सम्वन्ध कायम गर्न मद्दत गर्छ ।
- आय आर्जन गर्ने, गतिविधिहरु संचालन गर्नाले समूह सदस्यहरु उत्पादनमूलक कार्यमा सहभागी भई आत्मनिर्भर हुनलाई सहयोग पुग्दछ ।
- समूहको नेतृत्व परिवर्तन सहमतिको आधारमा गर्नु पर्छ । तर छिटो छिटो नेतृत्व परिवर्तन गरिरहयो भने त्यसले समूहको दीर्घकालिन योजना बनाउनमा अप्ठ्यरो सिर्जना गर्दछ । अर्को तर्फ पालैपालो नेतृत्व समाल्नाले समूह सदस्यहरुमा नेतृत्व गर्ने र संस्था संचालन गर्ने सीपको विकास हुन्छ ।

## हटाऔं

**समूह सदस्यहरु बीचमा जात जाती, धर्म र राजनीतिक विचारका आधारमा हुने भेदभाव**

# व्यवस्थापन समितिको गठन




## महत्वपूर्ण सम्पर्कहरु

### अन्य राम्रा तरीका निर्देशिकाहरु

यो श्रृंखलामा अन्य राम्रा तरीका निर्देशिकाहरु पनि छन् : तिनीहरु

- सूचनामा पहुंच अध्ययन
- स्व -सहयोगी समूह

तपाईले यसको र अन्य राम्रा तरीका निर्देशिकाहरुको अरु प्रतिहरु स्ट्रिम-नेपाल, स्ट्रिम क्षेत्रीय कार्यालय वा स्ट्रिम वेभसाइटबाट प्राप्त गर्न सक्नु हुन्छ ।

हामी तपाईको प्रतिकृयाको प्रतिक्षामा छौं । तपाईले नेपालको स्ट्रिम संचार व्यवस्थापकलाई फोन गरेर, इमेल पठाएर वा चिठी लेखेर प्रतिकृया दिन सक्नुहुन्छ ।

### स्ट्रिम नेपालको कार्यालय

कृषि सूचना तथा संचार केन्द्र
हरिहरभवन, ललितपुर
फोन :५५२२२४८, ५५२५६१७ फ्याक्स : ५५२२२५८
इमेल : agroinfo@wlink.com.np

### स्ट्रिम क्षेत्रीय कार्यालय

मार्फत नाका (NACA)
मत्स्य विभाग भवन, केसेटसार्ट विश्वविद्यालय
फाहोलिओथिन रोड
वैंखेन, बैंकक १०९०३
थाइलैण्ड
फोन :६६२५६११७२८/२९, फ्याक्स: ६६२५६११७२७
इमेल : stream@enaca.org
स्ट्रिम वेभसाइट: www.streaminitiative.org